# कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका, २०७६

**प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मिति २०७६।१२।१०**

**प्रस्तावनाः** प्रदेश नं ५ मा कोरोना भाइरस (COVID–19) को प्रकोप नियन्त्रणका लागि पूर्व तयारी, रोगको पहिचान तथा नियन्त्रण एवम् कोरोना भाइरस प्रभावितहरुको प्रभावकारी उपचार प्रबन्धको लागि आवश्यक पर्ने खर्चको शिघ्र व्यवस्थापन गर्न बान्छनीय भएकोले, प्रदेश प्रशासकीय कार्यविधी (नियमित) गर्ने ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५, प्रदेश सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "कोरोना भाइरस (COVID – 19) नियन्त्रण तथा उपचार कोष (स्थापना र सञ्चालन) निर्देशिका,२०७६ " रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "कोष" भन्नाले दफा ३ वमोजिमको कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ ।

३. **कोषको स्थापना** : (१) प्रदेशमा कोरोना भाइरस (COVID–19) नियन्त्रण तथा उपचार सम्वन्धी व्यवस्था गर्न एक कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,

(ङ) प्रदेश मन्त्रिपरिषद्का सदस्य, प्रदेश सभाका सदस्य, प्रदेशमा स्थापना भएका आयोग/प्रतिष्ठान/प्राधिकरण आदिका पदाधिकारी, प्रदेशका कर्मचारीले प्रदान गरेको रकम,

(च) खण्ड (क) मा लेखिएदेखि बाहेक सम्पूर्ण सरकारी तथा गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत व्यक्तिहरु, राजनैतिक दल, ट्रेड युनियन, गैर सरकारी संस्था, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु पूर्व नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

तर, नेपालमा कार्यरत दातृ मुलुक, दातृ संस्था, अन्तराष्ट्रिय वा विदेशी गैर-सरकारी संस्थाको स्वीकृत वजेट तथा कार्यक्रम मार्फत प्राप्त हुने रकमको सम्वन्धमा नेपाल सरकारको स्वीकृति आवश्यक पर्ने छैन ।

४. **कोषको प्रयोग** : कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः-

(क) कोरोना भाइरस (COVID–19) को रोगथाम तथा उपचारका लागि आवश्यक आइसोलेशन अस्पताल स्थापना र सञ्चालनमा लाग्ने खर्चहरुको शिघ्र व्यवस्थापन गर्न,

(ख) कोरोना भाइरस (COVID–19) बाट मानवीय क्षति नियन्त्रण गर्न र सो प्रकोपको कारण बाट प्रभावित ब्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्था गर्न,

(ग) कोरोना भाइरस (COVID–19) को उपचारमा आवश्यक पर्ने मेडिकल सामाग्री, औषधी, उपकरणका लागि लाग्ने खर्चहरुको प्रबन्ध गर्न,

(घ) कोरोना भाइरस (COVID–19) को नियन्त्रण तथा उपचार गर्न प्रदेश सरकारबाट निर्णय भए बमोजिमका अन्य खर्च गर्न,

(ङ) कोरोना भाइरस (COVID–19) बाट ज्यान गुमाएका परिवारलाई दिने राहत खर्च ।

५. **कोषको रकम प्रयोग हुन नसक्ने** : दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान तथा आर्थिक सहायता प्रदान गर्न,

६. **कोष सञ्चालक समिति** :- (१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय सदस्य सचिव

(२) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिले दफा (३) बमोजिमको कोषमा रकम जम्मा गर्न आवह्वान गर्न सक्नेछ ।

७. **<u>कोषको व्यवस्थापन तथा सञ्चालन</u>** : (१) कोषमा प्राप्त हुने रकम राष्ट्रिय वाणिज्य वैक बुटवल शाखामा विविध समूहको एक खाता खोली सो खातामा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र सामाजिक विकास मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(३) दफा ६ बमोजिमको समितिको निर्णय बमोजिम मात्र कोषको रकम खर्च गर्नुपर्नेछ ।

८. **<u>लेखा तथा लेखापरीक्षण</u>** : (१) कोषको आम्दानी खर्चको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

९. **<u>कोषको रकम खर्च गर्ने कार्यविधि</u>** : (१) दफा ४ बमोजिमको प्रयोजनका लागि आइसोलेशन अस्पतालले सम्पूर्ण विवरण सहित समिति समक्ष रकम माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम माग भएमा कोरोना भाइरस (COVID–19) को रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता, कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराउने गरी निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम खर्चको लेखा अभिलेख सम्वन्धित आइसोलेशन अस्पतालले छुट्टै राख्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम खर्च भएको लेखा परिक्षण प्रचलित कानून बमोजिम आइसोलेशन अस्पताल सञ्चालन गर्ने अस्पतालले गराउनु पर्नेछ ।

१०. **<u>सचिवालय सम्वन्धी व्यवस्था</u>** : (१) समितिको सचिवालय सामाजिक विकास मन्त्रालयमा रहनेछ ।

(२) समितिको निर्णय तथा कोषको खर्चको अभिलेख उपदफा (१) बमोजिमको सचिवालयमा राख्नुपर्नेछ ।

११. **<u>कोष सञ्चालनको प्रशासनिक खर्च</u>** : कोष सञ्चालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च मन्त्रालयको नियमित वजेटबाट खर्च गर्नुपर्नेछ । कोषको रकमबाट बैठक भत्ता उपलब्ध गराउन सकिने छैन ।

१२. **<u>कोषको खारेजी</u>** : (१) वि.सं. २०७७ असार मसान्तमा वा यस निर्देशिकाको उद्देश्य बमोजिम कार्य समाप्त भएमा वा छुट्टै कोष राख्नुपर्ने औचित्य नभएमा समितिले कोषमा भएको रकम प्रदेश सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम जम्मा गरिसकेपछि यस निर्देशिका बमोजिमको कोष स्वतः खारेज हुनेछ ।

१३. **<u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u>** : प्रदेश सरकारले यस निर्देशिकाको कार्यान्वयनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।